केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/७/०७४/७५ मिति: २०७४/०५/२७

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट 'क', 'ख' र 'ग' वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७४ को इ.प्रा. निर्देशन नं. २३/०७४ को बुँदा नं.४ को उपबुँदा नं. (४) पछि देहायबमोजिमको उपबुँदा नं. (५) थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

*(५) तोकिएको चुक्ता पूँजी पुर्‍याउने समयावधिका सम्बन्धमा यस व्यवस्थामा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाहरुको हकमा देहाय बमोजिमको व्यवस्था लागू हुनेछ ।*

*(क) यस बैंकबाट समस्याग्रस्त घोषणा भई २०७४ असार मसान्तसम्ममा समस्याग्रस्त अवस्थाबाट मुक्त भईसकेका बैंक तथा वित्तीय संस्थाहरुले २०७६ असार मसान्तभित्र तोकिएबमोजिमको चुक्ता पूँजी पुर्‍याई सक्नु पर्नेछ ।*

*(ख) समस्याग्रस्त घोषणा भई रिजोलुसन प्रक्रियामा रहेका बैंक तथा वित्तीय संस्थाहरुले यस बैंकबाट तोकिएको न्यूनतम चुक्ता पूँजीको कम्तीमा २५ प्रतिशत (Call in Advance समेत) पुरा गरी न्यूनतम पूँजीकोष अनुपात समेत कायम गरी समस्याग्रस्त अवस्थाबाट मुक्त भएमा त्यस्तो अवस्थाबाट मुक्त भएको मितिले २ वर्षभित्रमा तोकिएबमोजिमको चुक्ता पूँजी पुर्‍याउनु पर्नेछ ।*

*(ग) यस बैंकबाट जारी गरिएका विभिन्न निर्देशनहरु मध्ये कर्जा र प्राथमिक पूँजी निक्षेप अनुपात (CCD Ratio) र प्राथमिकता प्राप्त क्षेत्र एवम् विपन्न वर्गमा प्रवाह गर्नुपर्ने गरी तोकिएको न्यूनतम कर्जा अनुपातमा आवश्यकता तथा औचित्यताको आधारमा छुट दिन सकिनेछ ।*

भवदीय,

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल राष्ट्र बैंक, समस्याग्रस्त संस्था रिजोलुशन महाशाखा ।
(१२) श्री नेपाल बैंकर्स संघ ।
(१३) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन ।